निर्णय नं.१

यस भरतपुर महानगरपालिकाको चालु आर्थिक वर्ष ०७४/७५ को लागि नगर सभामा पेश गर्न वजेट तथा कार्यक्रम तयार गर्नको लागि राजश्व सम्बन्धी नीति तथा कानुन तर्जुमा, संसोधन र परिमार्जन, राजश्वको श्रोत, दायरा र कर दरको विश्लेषण गरि चालु आ.ब.को लागि कर शुल्कका दर तोकी लागु गर्न, आन्तरिक आयको विश्लेषण र अनुमान गर्न देहाय बमोजिमको एक राजश्व परामर्श समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल :

| | |
|---|---|
| क. उप-प्रमुख श्री पार्वती शाह ठकुरी | - संयोजक |
| ख. कार्यकारी अधिकृत | - सदस्य |
| ग. वडा अध्यक्ष श्री अरुण पिडित भण्डारी | - सदस्य |
| घ. कार्यपालिका सदस्य श्री पवित्रा के.सी. | - सदस्य |
| ङ. उद्योग तथा साना उद्योग नगरस्तरीय संघका प्रमुख वा प्रतिनिधि | - सदस्य |
| च. उद्योग वाणीज्य संघका प्रमुख वा प्रतिनिधि | - सदस्य |
| छ. राजश्व शाखा प्रमुख | - सदस्य सचिव |

निर्णय नं. २

आगामी नगर सभा तयारीको लागि संलग्न बमोजिमको समय तालिका पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.३

यस भरतपुर महानगरपालिका नगरकार्यपालिका कार्य सम्पादन नियमावली, २०७४ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

नेपाल सरकार, शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग मार्फत शघन शहरी विकास कार्यक्रम अन्तर्गत एकिकृत शहरी पूर्वाधार विकास कार्यक्रमहरु विशेष गरी सडक, पुल पुलेसा, आय आर्जनका योजनाहरु यस भरतपुर महानगरपालिकामा लागु गरि भरतपुरलाई उत्कृष्ट र सुविधा सम्पन्न शहर बनाउने सरकारको निर्णय भएको र उक्त कार्यक्रमहरु अन्तर्गत संचालन हुने योजना संलग्न अनूसूचीम १ बमोजिमका योजना संचालन गर्नका लागि छनौट गरि शहरी विकास तथा भवन निर्माण विभागमा शिफारिस गरि पठाउने निर्णय गरियो ।

निर्णय नं. ५

यस भरतपुर महानगरपालिकाको ग्रमीण क्षेत्रका साना कृषकहरुको लागि व्यवसायीक कृषि तथा पशुपन्छी कर्जामा प्रदान गर्ने व्याज अनुदान सहुलियत उपलब्ध गराउन आवश्यक सिफारिस गर्नु पर्ने भएकोले यस भरतपुर महानगरपालिकाका ग्रामीण क्षेत्र तोक्नको लागि ग्रामिण क्षेत्र पहिचान गर्ने आधारहरु समेत निर्धारण गरि कुन कुन क्षेत्रलाइ ग्रामिण क्षेत्र तोक्ने हो सो को अध्ययन गरी मिति २०७४ साल आश्विन मसान्त भित्र प्रतिवेदन पेश गर्नको लागि देहाय बमोजिमको समति गठन गर्ने निर्णय गरियो ।

तपसिल :

क. वडा अध्यक्ष श्री विजय कुमार भुजेल

ख. वडा अध्यक्ष श्री नरि नारायण पौडेल

ग. वडा अध्यक्ष श्री चित्रसेन अधिकारी

घ. वडा अध्यक्ष श्री नरेन्द्र कुमार कन्दङवा

ङ. वडा अध्यक्ष श्री हरि विलास कोइराला

च सा.वि.अ.श्री तुलसी प्रसाद श्रेष्ठ

निर्णय नं. ६

यस भरतपुर महानगरपालिकामा मिति २०६६/१२/२० गते देखि स्थायी नियुक्ति लिई अविछिन्न रुपमा अधिकृत स्तर छैठौं तहमा कार्यरत इन्जिनियर श्री विराट घिमिरेलाई स्थानीय स्वायत्त शासन ऐन, २०५५ र स्थानीय स्वायत्त शासन नियमावली, २०५६ (पाचौ संसोधन २०६९ सहित) नियम २२५ख, २२५ख१ बमोजिम स्वत: बढुवाका लागि आवश्यक सेवा अवधि पुरा गरेकाले पदपूर्ति समितिको मिति २०७४/०४/०३ गतेको निर्णय तथा सिफारिस बमोजिम निजलाई वरिष्ठ इन्जिनियर (अधिकृत स्तर सातौ तह) मा बढुवा नियूक्ति दिने निर्णय गरियो ।

निर्णय नं. ७

यस भरतपुर महानगरपालिकामा मिति २०६६/०९/१३ गते देखि स्थायी नियुक्ति लिई अविछिन्न रुपमा खरिदार (सहायक स्तर चौथो) पदमा कार्यरत श्री ओम प्रकाश न्यौपानेलाई स्थानीय स्वायत्त शासन ऐन, २०५५ र स्थानीय स्वायत्त शासन नियमावली, २०५६ (पाचौ संसोधन २०६९ सहित) नियम २२४ बमोजिम कार्य क्षमताको मूल्याङ्कन द्वारा गरिने आन्तरिक बढुवाका लागि पदपूर्ति समितिको मिति २०७४/०४/०२ गतेको निर्णय तथा सिफारिस बमोजिम निजलाई सहायक स्तर पाचौं तहमा बढुवा नियूक्ति दिने निर्णय गरियो ।

निर्णय नं. ८

यस भरतपुर महानगरपालिका क्षेत्रलाई व्यवस्थित शहरको रुपमा विकास गर्न र यस शहरको सौन्दर्यलाई वृद्धि गर्नको लागि पूर्व-पश्चिम राजमार्गको २४ कोठी देखि लायन्स चोक सम्मको क्षेत्रमा सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार सडकको दायाँ वायाँ हरियाली प्रवर्धन, यातायात व्यवस्थापन, ट्राफिक, पार्किङ्ग व्यवस्थापन तथा सडक सोलार बत्तिको व्यवस्था लगायत निश्चित स्थानमा बस्नको लागि आवश्यक कुर्चीको व्यवस्था समेत हुने हुँदा आईल्याण्ड निर्माण गरि शहरको सौन्दर्यीकरण गर्न सम्बन्धमा श्री ल्याण्डमार्क भरतपुरबाट पेश हुन आएको प्रस्ताव महानगरपालिका निर्देशन र डिभिजन सडक कार्यालय भरतपुर संग समन्वय र निर्दिष्ट मापदण्ड अनुसार कार्य गर्न प्रक्रिया अगाडि बढाउने र अन्य इच्छुक व्यापारीक एवै व्यवसायीक संस्थाहरुलाई यस किसिमको काम गर्न सहमति दिने निर्णय गरियो ।

निर्णय नं. ९

यस भरतपुर महानगरपालिका क्षेत्रभित्रबाट उत्पादन हुने कुहिने फोहरबाट वायो ग्यास निकाल्ने सम्वनधमा यस महानगरपालिका र बैकल्पिक उर्जा प्रर्वद्धन केन्द्र खुमलटार ललितपुर विच साझेदारी पत्रमा हस्ताक्षर भएको र बैकल्पिक उर्जा प्रर्वद्धन केन्द्रको प्राविधिक समितिबाट स्वीकृति समेत भएको हुँदा फोहरबाट उर्जा कार्यक्रम संचालन गर्नको लागि यस किसिमका कार्यकमहरु संचालन भएका स्थानको अध्ययन गरी सुझाव पेश गर्न देहाय बमोजिमको समिति गठन गर्ने र आवश्यक अध्ययन गरी २०७४ साल असोज मसान्त सम्मा प्रतिवेदन बुझाउने निर्णय गरियो ।

देहाय :

क. वडा अध्यक्ष श्री जयराम श्रेष्ठ
ख. वडा अध्यक्ष श्री पूर्ण बहादुर श्रेष्ठ
ग. वडा अध्यक्ष श्री चन्द्र मित्र पण्डित
घ. वडा अध्यक्ष श्री यमलाल कडेल
ङ वडा अध्यक्ष श्री अरुण पिडित भण्डारी
च. वडा अध्यक्ष श्री प्रकाश दवाडी
छ. वडा अध्यक्ष श्री कर्ण बहादुर गुरुङ
ज. वडा अध्यक्ष श्री विजय कुमार भूजेल

क. सदस्य श्री विना गुरुङ
न. इ. श्री विराट घिमिरे

**निर्णय नं. १०**
वि.सं. २०७२ मा गएको भुकम्प र पराकम्पनबाट यस भरतपुर महानगरपालिका क्षेत्रभित्रका संलग्न अनूसूचि बमोजिमका ६९४ आवासिय घरहरुमा क्षति भई पुन: निर्माण गर्न यस कार्यालयमा नक्सापासको लागि पेश भएकोमा उक्त घरधनिको नक्सापास स्वीकृत गर्दा लाग्ने दस्तुर छुट दिने निर्णय गरियो ।

**निर्णय नं. ११**
यस भरतपुर महानगरपालिका क्षेत्रभित्र बढ्दो शहरीकरण संगै सवारी साधनको चाप बढ्दै गईरहेको अवस्थामा अव्यवस्थित यातायातका कारण बजार क्षेत्र अत्यन्त अस्तव्यस्त हुदै गएको हुँदा व्यवस्थित पार्किङ्ग, अनाश्वयक होडिङ्ग बोर्ड र फूटपाथमा व्यापार व्यवसाय गर्ने प्रवृतिले सडकमा यात्रु र सवारी साधनको चापलाई व्यवस्थापन गर्न जरुरी देखिएकोले सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार नियमानुसार विज्ञापन शुल्क बुझाउने गरी निजी क्षेत्रलाई परिचालन गरि नगरकार्यपालिकालाई कुनै आर्थीक दायीत्व नपर्ने गरी श्री श्रद्धा हाउजिङ्ग एण्ड बहुउद्देश्यीय कम्पनी प्रा.लि. लाई निम्न बमोजिमका स्थानहरुमा निर्माण गर्न अनुमति दिने निर्णय गरियो ।
तपसिल :
क. पुल्चोक, शहिद चोक, लायन्स चोक, वीरेन्द्र क्याम्पस चोक, चौवीस कोठी चोक, रिजाल चोक, हाकिम चोक,केन्द्रिय बस टर्मिनल चोक, लिला चोक, आँपटारी चोक, विशाल चोक, मालपोत चोक, बाह्घरे चोक, अमृत चोक, चनौली, ज्योतिनगर, पार्वतीपुर चोक, गीतानगर चोक, जीतपुर ।
**निर्देश:**
नियतमा निर्माण भएका पुराना घरहरुको नक्सा पास, निर्माण सम्पन्न सम्वन्धमा छलफल गरी उपयूक्त निकाशाका लागी अध्ययन गरी आगामी बैठकमा प्रतिवेदन पेश गर्ने ।

२०७४।६।८